निजि वितरणको लागि मात्र

ECHOES

श्री राम चन्द्र मिशन®

डिसेम्बर २०१४ विषेश श्रद्धाञ्जली अंक

श्री पार्थसारथी राजगोपालचारी

२४ जुलाई १९२७ - २० डिसेम्बर २०१४

धेरै भव्यताहरुको युग

"मैले तपाईहरुसित बारम्बार दोहोर्याउनुपर्दछ कि आफ्नो जीवनमा म कहिल्यै पनि यस कुरा प्रति सचेत भईन कि म मालिक थिंए । यदि म यस कुरा प्रति सचेत भएको भए म मालिक हुनको लागि अयोग्य हुने थिंए । म मेरा बाबूजी महाराजको शिष्य हु , उहाँकै काम अनुसार उहाँकै निर्देशन अनुसार काम गरिरहेको छु, चाहे त्यो उहाँको जीवन कालमा दिईएको होस अथवा अहिले दिईएको होस ।

म मालिकबाट सन्देशहरु प्राप्त गर्ने गर्दछु , उहाँ भन्नुहुन्छ तिमीले मसंगै हुन आउने समय अझै आई सकेको छैन किनभने तिमीले काम गर्नुछ । तर जव आँउनेछौ र तिमी भव्य प्रकारले स्वागत गरिनेछौ र त्यसपछि हामीसंगै अर्को संसारमा जानेछौं .. । र म, मलाई थाहा छैन् म खुशी हुनेछु कि उदास हुनेछु । यस्को कुनै अन्त्य छैन । यदि कामको अन्त्य हुन्छ भने त्यहाँ जीवन रहदैंन चाहे शरीरमा होस वा शरीर बाहिर ।"

विश्वव्यापी प्रत्यक्ष वेबकाष्ट, २६ अक्टोवर, २०१४ चेन्नई , भारत

आदरणीय कमलेश डि पटेलबाट सन्देश

यो आघात जुन हामीले व्यक्तिगत रुपमा अनुभव गर्यौं र जो हामी अनुभव गरिरहेकाछौं त्यसलाई शब्दमा वर्णन गर्न कठिन छ । सांत्वनाका कुनै पनि शब्दहरु कहिल्यै पनि पर्याप्त हुने छैनन् । हाम्रा मालिकले मिशनमा पचास बर्ष एउटा अभ्यासीको रुपमा एउटा प्रशिक्षकको रुपमा र एउटा मालिकको रुपमा आफ्नो जीवन प्रत्येक क्षण अथक रुपमा सेवा गर्दै विताउनु भयो ।

उहाँको जीवनले एउटा सच्चा कर्म योगीको उदाहरण प्रस्तुत गर्दछ । उहाँको जीवन प्रत्येक स्तरमा पिडा र दुःखले भरिएको छ । उहाँको जीवनमा शान्तिको एक क्षण पनि कहिल्यै रहेन , कुनै पनि क्षण । एउटा वा अर्को कारणले त्यो शान्ति नष्ट भइरह्यो । उहाँले सदैव हामीहरुको विचमा सांमञ्जस्य रहेको देख्ने चाहना राख्नुभयो ।

सांमञ्जस्यता । यो सांमञ्जस्यता हामीहरु भित्र हामीहरुको बिचमा दुःख लाग्दो ढंगले कमी रहेको छ । कम से कम अहिले हामीले उहाँसित यो वाचा गर्नै पर्दछ कि अव अगाडि भिन्नताहरु नरहुन । भिन्नताहरु राम्रा कुरा हुन , ठुला कुरा हुन तर तिनीहरु त्यस स्तर सम्म बढ्नहुन्न जहां एक अर्का प्रति अरुचि र घृणा उत्पन्न हुनपुगोस । हामीहरु दाजूभाई , दिदी बहिनीहरु हौं ।

हामी नाम र प्रख्यातीको खोजीमा लाग्नुहुंदैन । सहज मार्ग अनामिका र चुपचाप लागेर काम गर्ने तर हरघडी साझा लक्ष्यको लागि काम गर्ने पद्दति हो । बाबूजीले दिव्यलोकबाट व्हिस्पर्स सन्देशको माध्यमबाट बारम्बार भनिरहनुभएको छ हाम्रो मिशन भविष्यमा यस्तो मिशनको रुपमा चिन्हिनेछ जँहा एकता छ । यो हामीबाटै शुरु हुन्छ ।

हाम्रो हृदयको अन्तरतम प्रकोष्ठमा स्थानमा ईश्वरियताको उपस्थितीलाई आन्तरिकिकरण कति भव्य कुरा हो र त्यो अझ भव्य हुन जान्छ जव त्यही उपस्थितीलाई हामी हाम्रो व्यबहार र कार्यले बाह्यकरण गर्दछौं ।

हामी अभ्यासीहरुको रुपमा, हामी भक्तहरुको रुपमा, हामी शिष्यको रुपमा, हामी पदाधिकारी र स्वयं सेवकहरुको रुपमा, हामी प्रेम र कृपाको सम्वाहकको रुपमा, हामी एउटा अझ सून्दर बिश्वको स्वप्नद्रष्टाको रुपमा, हामी उहांको प्रेम र हेरविचार प्राप्त गर्ने, प्राथमिकताप्राप्त सुविधा ग्राही भएकोले हामीले एउटा प्रतिवद्वता व्यक्त गर्नुपरेको छ । हामी सबैलाई आफूलाई पुर्णरुपमा नै परिवर्तन गर्ने जीवनको उद्देश्य र यसै क्रममा हाम्रा गुरुवर्गको श्रृंखला सोपानलाई हाम्रो भविष्यलाई परिवर्तन गर्ने काममा संगै सघाउन एकताबद्व र सबै साथसाथै अगाडि बढेको देख्ने उहाँको सपना थियो ।

लौ अब हामी हाम्रो प्रियतम मालिकसित एउटा प्रतिज्ञा गरौं अब हामी एउटा दृढ निश्चय गरौं कि हामी उहांलाई खुशी बनाउनेछौं, हामी हाम्रो पुर्ण हृदयका साथ उहाँको अभियानलाई पुरा गर्नेछौं । लौ अब हामी हाम्रा प्रियतम मालिकलाई गुरु दक्षिणाको रुपमा अर्पण गर्न एउटा सरल निश्चय गरौं कि हामी अझ राम्रो अभ्यासीहरु अझ राम्रो भक्तहरु, अझ राम्रो प्रेमीहरु, अझ राम्रो स्वयं सेवक बन्नेछौं र अझ राम्रो झन् राम्रो बन्दै जानेछौं ।

भविष्यप्रति दृष्टि

डिसेम्बर २०, २०१४ को राति जब मैले मालिकले लामो र पिडादायक अस्वस्थता पश्चात प्रस्थान गर्नुभएको दुःखद समाचार सुनें म मणपाक्कम आश्रम तर्फ गएँ । जब त्यहां प्रवेश गरें मैले वातावरणमा रहेको स्थिरता र शान्ति महसुस गरें । पहिले पुगिसकेका अभ्यासीहरु चुपचाप थिए र मालिक यस संसारबाट प्रस्थान गर्नुभएको वास्तविकतालाई स्विकार गरिसकेका थिए । अर्को दुई दिनमा भारत भरिबाट थूप्रै संख्यामा र बिदेशबाट समेत गरेर करिब २५००० अभ्यासीहरु हाम्रो मणपाक्कम आश्रममा मालिकका पार्थिव शरीरको एक झलक पाउनको लागि आइपुगे जुन उहाँको सुत्ने कोठाको बाहिरको हलमा राखिएको थियो । जब अभ्यासीहरु मौन रुपमा आंखा भरी आंसुलिएर पंक्तिबद्ध भएर अगाडि बसिरहेका थिए , त्यस समयमा आदि शंकराचार्यको गुरुपादका स्तोत्रम (गुरुको पादुकाको आराधना) , भजन बजिरहेको त्यस भजनको पहिलो.....। यस प्रकार छ ।

संसारको अन्त्यहिन सागर पार गर्न,

गुरु प्रतिको निष्ठापूर्व भक्तिबाट सक्षम भएं ।

त्यागको महत्वपूर्ण राज्य देखाई दिने कृपाको लागि,

मेरा प्रिय गुरु म तिम्रो पादुकालाई नमन गर्दछु ।

२२ डिसेम्बरको मध्यान्हमा हाम्रा प्रियतम मालिकको पार्थिव शरीर बसन्त नगर स्थित शवदाहगृहमा अग्निको ज्वालामा समर्पित गरियो । यस प्रकार यस संसारमा महान मालिकको गौरव गाथा हाम्रो जीवनमा सुन्यता सृजना गर्दै अन्त्य भयो ।

हाम्रो लागि उहाँको शिक्षा

उहाँको जीवन र उहांको महाप्रस्थानद्वारा, मालिकले हामीलाई धेरै शिक्षाहरुको उदाहरण देखाउनुभयो । मानव जीवनको मरणशिलतालाई स्विकार गर्नु हाम्रो आध्यात्मिक विकासको लागि हामीसित उपलब्ध वहूमूल्य समयको उपयोग गर्नु र ईश्वरिय सम्झनामा रहेर सेवामय जीवनको माध्यमबाट झन्झन् माथि उठ्दै जानुपर्ने । सबैभन्दा माथि जीवनको आफ्नो जागरणमा विना संदेह र विना आशाको हामीलाई मानव जीवनले ल्याएको कुराहरुलाई स्वीकार गर्नु । उहाँ यी सबै कुराको उच्च प्रतीक हुनुहुन्थ्यो त्यसैले उहाँ हाम्रो आदर्श तथा लक्ष्य बन्नु भयो ।

महान मालिकको प्रस्थानले निश्चय नै उहाँ भक्तहरुमा ठुलो प्रभाव र उनिहरुको आन्तरिक संसारमा ठुलो आघात पैदा गर्दछ । तथापि, यस्तो देखिन्छ कि तीन दसक देखिका हाम्रा प्रियतम मालिक, चारीजी महाराजले अभ्यासीका हृदयहरुलाई उहाँको भौतिक स्वरुपको प्रस्थानलाई सहन गर्न तयार पारिदिनुभएको थियो । पछिल्लो दुई बर्षहरुमा जब उहांको शारीरिक कष्ट उच्चतम विन्दुमा पुग्यो र उहाँ धेरै पटक प्रस्थान गर्ने सिमामा पुग्नुभयो, उहाँ पुनःफर्किएर आउनुभयो र उहाँ मालिक प्रतिको आज्ञाकारिता अनुरुप उहाँको काममा लागि नै रहनुभयो । त्यस्ता अवसरमा उहाँ भन्नुहुन्थ्यो "म ढोकासम्म गए , तर यो खुलेन र मलाई फर्किएर जान भनियो किनकि मेरो काम अझै समाप्त भएको छैन् ।" केहि महिना पहिले जब हामी मालिकको कटेजको वरण्डामा बसिरहेका थियौं", उहाँले भन्नुभयो, "म यस कारणले मात्रै जान पाउन्न कि मैले उत्तराधिकारी मनोनयन गरिसकें । म त्यस समयमा मात्रै जान सक्दछु जब उनि तयार हुन्छन् ।"

पिडा र दुःख उहांको आरोहणको खुडकिला

पछिल्लो एक बर्षमा जब क्यान्सरले उहाँको शरीरलाई खाईरहेको थियो र उहाँको शारिरिक सामर्थ्यलाई सूखाई रहेको थियो त्यस्तो अवस्थामा पनि उहाँ आफ्नो कामलाई निरन्तरता दिन प्रयत्नशिल रहिरहनुभयो । अक्सर पिडा, ज्वरो, संक्रमण भोजनको मात्रामा क्रमिक रुपमा कम भएर पिडित हुँदै उहाँ ओछ्यानमा पर्नुभयो । त्यस्तो हुँदा पनि उहाँ आफ्नो व्हिलचेयरलाई सुत्ने कोठाबाट बाहिर लैजान भन्नुहुन्थ्यो ताकि उहाँको ढोकामा धैर्यपुर्वक प्रतिक्षा गरिरहेका अभ्यासीहरुलाई दर्शन दिन सकियोस । उहाँको मनोविनोदको स्वभावले उहाँलाई यस अन्तिम अवस्थामा पनि छोडेन् । ओछ्यानमा लामो समयसम्म थला परेपछि जब उहाँलाई उहाँको व्हिलचियरमा बसालियो, उहाँले ब्रदर कमलेश पटेललाई भन्नु भयो "अब म चेयरम्यान भएँ ।"

मालिकको भाव यस प्रकारको थियो जस्ले बढ्दो उमेरको प्रकृयालाई चुनौती दिनुहुन्थ्यो, उहाँ अभ्यासीहरुमा आशा र विश्वास उत्पन्न गर्नुहुन्थ्यो र उनिहरुलाई तिनीहरुको जीवनमा आइपर्ने दूर्भाग्यपुर्ण परिस्थितीको विरुद्व शक्ति प्रदान गर्नु हुन्थ्यो । उहाँको लागि पिडा महानताको शिखरमा पुग्ने खुडकिला थिए । उहाँले यो पनि भन्नुभयो कि मालिकको पिडाले अभ्यासीहरुको प्रेमलाई तान्यो । उहाँको सजग जीवनको अन्तिम दिनहरुमा म

उहाँको बढ्दो पिडाहरुको बारेमा चिन्ता प्रकट गर्न प्रवृत्त भए । मैले उहांलाई भनें उहाँको बच्चाहरुको रुपमा जब उहाँ पिडित हुनुहुन्छ, हामी पनि पिडित हुन्छौं । मालिकले भन्नुभयो "यो सत्य होईन् । बच्चाहरु कहिलेकाहिं मात्रै पिडित हुन्छन् माता पिताहरु सदैव पिडित हुन्छन् ।"

भर्खरै जब उहां ओछ्यानमा थला पर्नु भएको थियो , एउटा छलफलको क्रममा उहांले भन्नुभयो कि एकजना भाई एउटा प्रतिष्ठित कम्पनीमा साझेदार छन र मैले भनें, "हामी तपांईको साझेदारहरु मात्रै हुनसक्दछौं, तर तपांईको पिडामा साझेदार हुनसक्दैनौं ।" मालिकले उत्तर दिनुभयो यो सम्भव छैन् । जस्तो कि बावूजी *व्हिस्पर्शमा* भन्नुहुन्छ "यो यसैप्रकारले गईरहन्छ ।" जब मैले औंल्याए कि उहाँले एउटा औषत मानिस भन्दा बढी दुःख पाउनुभयो, उहाँले भन्नुभयो, हो, यो सत्य हो, यो त्यसैबेला शुरु भयो जब म बालक नै थिँए ।"

यस्तो देखिन्छ मालिकको दुःखहरु कुनै ठुलो प्रयोजनको लागि हो । बावुजी महाराज उहांको १० डिसेम्बर २०१४ को *व्हिस्पर्शको* सन्देशमा भन्नुहुन्छ कि चारीजीको हालसालैको दुःख मानव विकासको उच्चतम अवस्था प्राप्त गर्ने 'अन्तिम कदम' हो । म मालिकले १९८५ को ताका भन्नुभएको कुरा सम्झिन्छु कि *नाडी शास्त्र* (ताडपत्रमा अंकित भएको कुराको भविष्यवाणि गर्ने बिज्ञान) अनुसार, उहांले त्यो आध्यात्मिक उचाई प्राप्त गर्नु हुनेछ जुन अहिले सम्म मानिसहरुले प्राप्त गरेका छैनन् ।

सांत्वना प्रदान गर्ने मालिकको सन्देश

उहांले प्रस्थान गर्नु भएको चौविस घण्टा भित्रै २१ डिसेम्बर २०१४ को दिन मालिकले दिव्यलोकबाट यो भन्दै सन्देश पठाउनुभयो कि उहांको सबै पिडाहरुको अन्त्य भएको छ । बावूजी मेमोरियल आश्रम मणपाक्कममा जम्मा भएका केही अभ्यासीहरुसित कुरा गर्दा मैले जानकारी पाँए उनिहरुले पनि यस कुराबाट चिन्ता मुक्त भएका छन कि अन्त्यमा उहाँको पिंडाहरु समाप्त भए । उहाँको प्रस्थानले उनिहरुको गह भरिएको थियो, तर उनिहरुलाई यस कुराको गुनासो छैन । मालिकले आफ्नो लामो अति पिडादायि अस्वस्थताद्वारा उनिहरुमा स्विकार गर्ने यस्तो दृष्टिकोण तयार पारिदिनुभएको थियो ।

मालिकले आफ्नो पछाडी शिक्षाहरुको ठुलो भाग छोडेर जानुभएको छ । उहाँले बारम्बार लगातार रुपमा सहज मार्गको पद्धतिको शुद्धतामा जोड दिइरहनुभयो जुन पालना गरिनुपर्दछ जस्तो चरित्र निर्माण सबै प्रति प्रेम र हार्दिकता, अभ्यासीहरुमा बिशेषगरि पदाधिकारीहरुमा भातृत्व तथा समझदारी भावना । हामीले यी चुनौतिहरुलाई सामना गर्नु पर्दछ र उहाँ प्रतिको प्रेमको चिन्ह स्वरुप तिनीहरु माथी निष्ठापुर्वक काम गर्नु पर्दछ ।

उहांको प्रतिनिधित्व गर्ने व्यक्ति

त्यहि सन्देशमा सांत्वना दिंदै मालिक भन्नुहुन्छ आत्मविश्वासका साथ भविश्य तर्फ हेर ।" अभ्यासीहरुले आफूलाई धेरै टुहुरो महसुस गरेनन् । मालिकले उहाँको प्रतिनिधिलाई प्रशिक्षित गर्नु भएको छ र उहाँको कामलाई निरन्तरता प्रदान गर्न सशक्त बनाउनुभएको छ, हामीलाई यस जीवन भरि मार्गदर्शन गर्न त्यस संसारमा प्रवेश गराउन जहाँ हाम्रा मालिकहरु निवास गर्नुहुन्छ ।

सन १९८० को दसकमा मैले उहाँको पिडा देखेको थिँए जब उहाँले बावुजी महाराजको उत्तराधिकार सम्हाल्नुभएको थियो । उहाँ हामीलाई यो स्पष्ट पार्ने गर्नु हुन्थ्यो कि जब हामी मालिकको उल्लेख गर्दछौं , यो नाम,स्वरुप वा गुणहरु हुनुहुंदैन तर उहाँको पछाडि रहेको सारतत्व हुनुपर्दछ । सन् १९८८ को बर्ष शाहजहाँपूरमा वसन्त पंचमी उत्सवको समयमा जब उहाँ विरोधि शक्ति तथा शंका गर्ने मानिसहरुबाट आक्रान्त भएर दुःखित हुनुहुन्थ्यो, उहाँले स्पष्ट रुपमा नै भन्नुभयो, तपाईहरुले बावूजी महाराजलाई आश्रममा, उहाँको समाधिमा नखोज्नुहोस तर त्यस व्यक्तिमा खोज्नुहोस जहाँ उहाँले जिवित समाधि लिनुभएको छ ।"

यही नै कुरा हो जुन उहाँले हामीलाई उहाँको जीवन भरि नै सिखाउनुभयो - मालिक कहिल्यै मर्दैनन् । उहाँ शास्वत हुनुहुन्छ र हामीहरुको माँझमा जीवित मालिकको स्वरुपमा जीवित रहनुहुन्छ ।

ए.पि.दुर्रई

प्रशंसाका वाक्यहरु

श्री पार्थसारथी राजगोपालाचारीको जन्म २४ जूलाई १९२७ मा चेन्नाई नजिक वायलूरमा भएको थियो । उहाँ चारजना सन्तानहरु मध्ये सबैभन्दा जेठो हुनुहुन्थ्यो । उहाँले पांच बर्षको कलिलो उमेरमा नै आफ्नी मातालाई गुमाउनुभयो र उहाँका साहसी पिताले प्रेमपुर्वक हुर्काउनुभयो , जस्ले आफ्ना सन्तानलाई कला, खेलकुद सम्म फैलिएको सम्पुर्ण शिक्षा प्रदान गर्नुभयो, सबैभन्दा महत्वपुर्ण कुरो त मूल्यमा आधारित जीवनको जग प्रदान गर्नुभयो ।

पार्थसारथिले आफ्नी आमाको क्षतिलाई साहसपुर्ण ढंगले सामना गर्नुभयो र एउटा बिशिष्टतायुक्त युवकको रुपमा विकसित हुनुभयो । उहाँले बनारस हिन्दु बिश्वबिद्यालयबाट बिज्ञानको स्नातकको उपाधि हाँसिल गर्नुभयो, संगीत सिक्नुभयो, र व्यापक रुपमा पढने प्रेम पैदा गर्नुभयो । उहाँले पांच बर्षकै उमेरदेखि आध्यात्मिकताको खोजीको रुचि पैदा गर्नू भयो र हिन्दुधर्म, क्रिश्चियन धर्म, र अरु धर्महरुको योग र रहस्यवादी दर्शनको ज्ञानको ठोस जग पच्चिस बर्षकै उमेरमा निर्माण गर्नु भयो ।

सन् १९५५ मा उहाँले श्रीमती सुलोचनासित बिवाह गर्नुभयो र केही बर्ष पछि उहाँहरुको पुत्र कृष्णको जन्म भयो । सूलोचना, कृष्ण , बूहारी प्रिया र दुई नाति नातिनी भार्गव र माधुरी सहित उहाँहरु प्रेमले भरिपुर्ण संयुक्त परिवारको रुपमा गायत्री नामक घरमा अलवारपट, चेन्नाईमा बस्नुभयो । पार्थसारथीले आफ्नो ब्यावशायिक जीवनको अधिकांश भाग सन १९५५ देखि १९८५ सम्म टि.टि.के. समुहको कम्पनीहरुमा काम गरेर बिताउनुभयो जहाँ उहाँ कार्यकारी निर्देशकको पदसम्म पुग्नुभयो ।

सन् १९६४ मा पार्थसारथीलाई आध्यात्मिक साधनाको सहज मार्ग पद्वतिमा प्रबेश गराईयो र उहाँले शाहजहाँपूर यु.पि.का आफ्ना गुरु श्री रामचन्द्रजी महाराजलाई, जस्लाई स्नेहपुर्वक बाबुजी भनि चिन्हिन्छ, भेट्नुभयो ।

उहाँको आध्यात्मिक खोजले बाबुजीको स्नेही मार्गदर्शनमा एउटा स्पष्ट दिशा अवलम्बन गर्यो । आफ्नो आध्यात्मिक खोजी ठुलो उत्साहकासाथ अबलम्बन गर्नुको साथै उहाँले बाबुको लागि स्वार्थ रहित प्रेम विकसित गर्नुभयो र एउटा आदर्श शिष्य बन्नुभयो जस्लाई बाबुजीले यस्तो ब्यक्तिको रुपमा वर्णन गर्नुभयो जस्मा पुर्वेली हृदय र पश्चिमा मष्तिष्क थियो । पार्थसारथीले आफुस्वयंलाई अथक रुपमा राजयोगको सहज मार्ग पद्वतिमा जिज्ञासुहरुलाई सेवा गर्न आफुलाई अर्पण गर्नुभयो । उहाँले बाबुजी सित भारत र विदेश यात्रा गर्नूभयो र उहाँलाई श्री रामचन्द्र मिशनको सबै बिषयमा ब्यबस्थापन गर्न मद्दत गर्नुभयो, जुन संगठनले सहज मार्ग पद्दति अर्पण गर्दछ ।

उहाँले सन् १९७० देखि १९८२ सम्म मिशनको महासचिवको रुपमा सेवा गर्नुभयो र सन् १९७४ मा बाबुजीले आफ्नो जीवनकाल पछि आध्यात्मिक उत्तराधिकारी र श्री रामचन्द्र मिशनको अध्यक्ष मनोनयन गर्नु भयो । बाबूजीले सन १९८३ मा महासमाधि प्राप्त गर्नु भयो र आफ्नो आध्यात्मिक सम्पदा पार्थसारथीलाई उत्तरदान गर्नुभयो । यस प्रकार पार्थसारथी सहज मार्ग पद्वतिका जीवित आध्यात्मिक मालिकहरुको श्रृंखलामा तेश्रो मालिक हुनुभयो । त्यस समय सम्ममा भारत र विदेशमा उदाँउदो उपस्थितीको अवस्थाको अवस्थामा पुगिसकेको थियो ।



सन् १९८३ देखि पछिल्लो एकतीस बर्षको लागि चारिजी आफ्नो गुरुजीको उद्देश्यलाई पूरा गर्न, यसलाई अगाडि बढाउन, आध्यात्मिक जिज्ञासुलाई मार्ग दर्शन गर्न र मिशनको निर्माण गर्ने काम गरिरहनुभएको छ । उहाँको प्रयत्नलाई साधुवाद छ कि आज एकसय दशवटा देशहरुमा करिव दुईलाख व्यक्तिहरु सहज मार्गको अभ्यास गरिरहेका छन् । उहाँको चुम्बकिय र भव्य व्यक्तित्व, चमत्कारिक सरलता, व्यापक ज्ञान, सच्चा स्वभाव, हेरविचार गर्ने स्वभाव र पुर्ण मानविय स्वभावले संसार भरिबाट मानिसहरुलाई उहाँको पाउमा आकर्षित गर्यो । बिविध विधामा उहाँको आधिपत्यले उहाँको आध्यात्मिक जीवनको माध्यमबाट अभिव्यक्ति पायो । त्यसै कारणले जीवनका बिभिन्न पक्षका

आकांक्षीहरु स्वभाविक रुपमा उहाँ प्रति आकर्षित भए । अत्यन्त वास्तबिक ढंगमा उहाँले उपनिषद् कालिन युगलाई आधुनिक संसारमा पुर्नश्रृजना गर्नुभयो । आफ्नो असाधारण स्वार्थ रहित सेवा, मनलाई एकै स्थानमा केन्द्रित प्रयत्न, आफ्नो गुरुप्रति निष्ठा, थकित नभईकन काम गरिरहन सक्ने क्षमताद्वारा उहाँको अदभुत आध्यात्मिक योगदान सम्भवतः यूगौ देखिको ईतिहासमा अनुपम छ । उहाँको गहिराई नाप्नै नसकिने प्रेम जुन विस्तारको रुपमा विश्वव्यापी नै थियो तथापि आफ्नो व्यक्तिगत प्रस्फुटनमा व्यक्तिगत देखिन्थ्यो । उहाँले असंख्य जिज्ञासुहरुलाई सार्थकता प्रदान गर्नुभयो जसलाई उहाँले सावधानिपुर्वक उच्च जीवन तर्फ मार्ग दर्शन गर्नुभयो । उहाँको जीवन प्रत्येक ढंगले पुर्ण र संतुलन थियो जस्ले सबै युगका मानवियतालाई प्रेरणाको रुपमा सेवा गर्नेछ ।

मिशनमा पचास बर्ष पश्चात २० डिसेम्बर २०१४ मा उहाँको प्रस्थानको साथै हामी एउटा युगको अन्त्यमा आइपुगेका छौं । तथापि जस्तो उहाँ आफुस्वयंले बारम्बार जोडदिनुभएको छ कि गुरु र शिष्यको सम्बन्ध शास्वत रहन्छ जुन कहिल्यै पनि समयको अन्तरालमा सुस्त हुंदैन् र यस जीवनको मरणशिलताको कारणले क्रमभंग हुदैन् । उहाँसितको शास्वत सम्पर्कमा विश्वासका साथ हामी गहभरी आँसुलिएर उहाँलाई यस संसारबाट बिदाई गर्दछौं ।

उहाँ ठुलो संख्यामा बिश्वभरिका आध्यात्मिक जिज्ञासुहरु उहाँको चिरस्थायी विरासतको प्रेमले भातृत्वमा एकताबद्व भएका छन त्यस्मा श्री रामचन्द्र मिशन, सहज मार्ग स्प्रिच्यूयालिटी फाउण्डेशन, एकसय बीसवटा भन्दा बढी आश्रमहरु र रिट्रिट सेन्टरहरु रहेका छन, जस्ले प्रकाशको केन्द्रको रुपमा सेवा प्रदान गर्दछन्, एउटा राम्रोसित संचालन भएको बिद्यालय छ जस्ले आध्यात्मिकताले आवेसित वातावरणमा उच्चस्तरिय शिक्षा प्रदान गर्दछ, शिक्षाको एउटा संख्या जुन बावूजीको शिक्षामा आधारित छ, उहाँको उत्साहपुर्ण जीवनले मानवियताको उदाहरण सदैव प्रस्तुत गर्नेछ र सबैभन्दा महत्वपुर्ण कुरा उहाँका आध्यात्मिक उत्तराधिकारी श्री कमलेश डि.पटेलले उहाँको कहिल्यै नसकिने प्रेमको प्राणाहुती निरन्तर प्रदान गरिरहनुहुनेछ । उहाँले एकपटक भन्नुभएको थियो कि सहज मार्गमा एउटाले प्रेम प्राप्त गर्दछ, प्रेम बन्दछ र उसमा यो सम्भावना हुन्छ कि उस्ले आफ्नो जीवन छोडेपछि पनि प्रेम छोडेर जानेछ ।

उहाँको पछाडि उहाँको परिवार रहेको छ (उहाँको पुत्र कृष्ण, बुहारी प्रिया, नाति भार्गव, नातिनी माधुरी र उहाँको आध्यात्मिक उत्तराधिकारी श्री कमलेश डि.पटेल । हामी उहाँका पवित्र पाउमा प्रेम, कृतज्ञता र प्रेमपुर्वक नमन गर्दछौं र प्रार्थना गर्दछौं कि उहाँको प्रेरणा र आन्तरिक उपस्थितीको त्यो प्रकाश उपस्थित भइरहोस जस्ले हामीलाई उहाँको दिव्य निवासमा फर्किएर जान मार्गदर्शन गरिरहोस ।

ॐ शान्ति शान्ति शान्ति

मणपाक्कममा

प्रियतम मालिकको *महासमाधिको* समाचार संसारभरिका केन्द्रहरुमा फैलिने वित्तिकै अभ्यासीहरु प्रारम्भिक स्तव्धताबाट सम्हालिए पछि उनिहरु मणपाक्कममा ति व्यक्तिलाई अन्तिम श्रद्धाञ्जली दिन पंक्तिबद्व हुनथाले जो तिनीहरुको जीवनको केन्द्रबिन्दुरहेका थिए ।

हजारौं अभ्यासीहरु ओइरिए र चूपचाप ढंगले लाममा लागे जुन आश्रम तर्फबाट कटेज तर्फ गोलो भएर फैलिएको थियो । तिनीहरु आफ्ना प्रियतम मालिकको शारीरिक स्वरुपको अन्तिम झलक प्राप्त गर्न आएका थिए जो तिनीहरुका पिता, हजूरबूवा, दाजू, मित्र थिए र सबैभन्दा महत्वपुर्ण त प्रत्येक जिज्ञासुहृदय जस्ले उहाँको हृदयको ढोका ढकढकाए तिनीहरुको लागि एक गुरु थिए । समर्पित स्वयंसेवकहरुले सबैलाई पानी र फलफूलहरु बितरण गरे र आश्रममा आएका सबैलाई अत्यन्त प्रेमपुर्वक रेखदेख र हेरविचार गरे ।

जव अभ्यासीहरु मालिकको कटेजमा प्रवेश गरे आँखाबाट आँसूको भल बग्न थाल्यो, प्रियतम मालिकको भव्य स्वरुप देखेर हृदयमा भक्कानो उठेर आयो, मालिक जो हामीलाई स्नेहले परिपुर्ण स्वरले अभिवादन गर्नु हुन्थ्यो, मौनरुपमा उहाँका प्रिय व्यक्तिहरु सबै आँखामा आँसुलिएर उहाँलाई हेरेर बसिरहेका थिए । उहाँहरुमा यो बिचार थियो कि अब हामीहरु हाम्रा प्रियतम मालिकको चमत्कारिक र स्नेहमयी व्यक्तिलाई फेरि देख्न पाउनेछैन जस्ले सबैलाई खूल्ला अंगालोमा स्वागत गर्नुहुन्थ्यो, जस्ले विभिन्न स्तरमा हामीलाई मद्दत गर्नुभयो, हामीलाई लाडप्यार दिनुभयो, जो हामीमाथि उहाँको कृपाको बर्षाद गर्नु हुन्थ्यो र हाम्रो हृदयलाई खुशीले भरिदिनुहुन्थ्यो जुन हृदय अत्यन्त कष्टमा रहेको थियो ।

आश्रमको वाताबरण अत्यन्त शान्त र पवित्र थियो र प्रकृतिले पनि शोकमग्न हृदयलाई उनको सितल फोहोराले मलहम लगाएर सुविस्ता दिईरहेकि थिईन । मध्यान्ह पांच बजे कमलेश भाईले ध्यानहलमा सिटिङ्ग प्रदान गर्नुयो जस्ले दुःखित हृदयमा शान्ति र निस्तव्धता प्रदान गर्यो ।

अर्को दिन विहान सत्सङ्ग पश्चात ध्यान हलमा दिव्यलोकबाट प्राप्त मालिकको सन्देश पढेर सुनाईयो । सबैले मालिकको शास्वत उपस्थितीको अनूभव गरिरहेका थिए, उहाँको शारीरिक कष्टबाट मूक्त भएर, हाम्रो सबै पिंडाहरुलाई हरिदिएर, हाम्रो हृदयलाई शान्ति, प्रेम, भरिदिनुको साथै उहाँको शिक्षालाई पालना गर्ने दृढता प्रदान गरेर, हामीलाई हाम्रो लक्ष्यमा पुगेर दिव्य मालिकसित एकाकार हुने दिव्य कृपा प्रदान गरिदिनुभएको अनुभव भईरहेको थियो ।

२२ डिसेम्बरको दिन SRCM को कार्यकारिणी समितिको दुईवटा बैठक कमलेश डि.पटेललाई आध्यात्मिक उत्तराधिकारी र मिशनको अध्यक्षको रुपमा स्विकृत गर्न बसेको थियो ।

२३ डिसेम्बरको बिहान ब्रदर मिशनका सचिव उमा शंकर वाजपेयीले कार्यकारिणी समितिले पारित गरेको प्रस्ताव पढेर सुनाउनुभयो । तत्पश्चात कमलेश भाईले सम्बोधन गर्दे सबैलाई एकताबद्व भएर सांमाञ्जस्यतापुर्ण ढंगले मिशनको भलाईको लागि काम गर्न आव्हान गर्नुभयो ।

दिव्यलोकबाट प्राप्त सन्देशले सबै दुःखी भईरहेका हृदयलाई सांत्वना प्रदान गर्यो र हामी सबैलाई यो थाहा पाएर सबैकुराहरु ठिक छ " राहत बिसाएको अनुभुति दियो ।

मालिक हाम्रा हृदयमा निवास गर्नुहुन्छ । मालिक आफ्ना कृतिहरुमा जीवित रहनुहुन्छ जुन उहाँ स्वयंको पूर्णताको शिखर हो । मालिक उहाँका रेकर्ड गरिएका वार्ताहरु, भिडियोहरुको माध्यमबाट जीवित रहनुहुन्छ जुन उहाँको आत्माहरुको अभिव्यक्ति हो । मालिक उहाँका अभ्यासीहरुको घरमा जीवित रहनुहुन्छ जस्ले उहाँको मिशन र उहाँको अभ्यासीहरुलाई सेवा गर्दछन् । मालिक सबै आश्रमहरुमा जिवित रहनुहुन्छ जुन उहाँले हामीहरुको लागि बनाउनुभयो र आउने समयको लागि, आध्यात्मिकताको तृष्णा राख्नेहरुको लागि आवेशित गरिदिनुभएको छ । हामीले निराश हुनुपर्ने कुनैपनि कुरा छैन् किनभने हाम्रा प्रियतम मालिकले हामीलाई धेरै अगाडि नै आस्वस्त पार्नु भएको थियो कि उहाँले संसारभरिकै आध्यात्मिकताका जिज्ञासूहरुको आवश्यकतालाई पूर्णरुपमा व्यवस्था गरिदिनुभएको छ र हाम्रो मिशन र उहाँका अभ्यासीहरुलाई एक यस्तो व्यक्तिको हातमा सुम्पिनुभएको छ जस्मा हाम्रा महान मालिकहरुद्वारा आवश्यक सबै सामर्थ्यता प्रदान गरिएको छ - कमलेश भाई । अव हामीले गर्नुपर्ने कुरा यति मात्रै हो कि हामीले उहाँका बचनहरुको पालना गर्नुपर्दछ र हाम्रो आफ्नो आध्यात्मिक लक्ष्य प्राप्त गर्न उहाँले गर्नुहुने काममा सहयोग गर्नुपर्दछ ।



हाम्रा मालिकको सहज मार्गमा पचास बर्षको चित्रमय यात्रा...



१९७२-रोम



१९७३-चेन्नई

१९८४-चेन्नई



१९८८-न्यू दिल्ली



१९८९- बंगलोर

१९९०- मणपाक्कम चेन्नई



१९९१- बंगलोर



१९९२- मोलिना, यू. एस. ए.

१९९६-हैदराबाद



२०००-सिंगापुर



१९९७-साँची

२००४-चंडिगढ

२००३-सुइजरल्याण्ड

२००६- मलेसिया



२००७-CREST बंगलोर



२००८-नौकुचियातल

२००९-चेन्नई

२०१०-चंडिगढ

२०११-रुद्रपुर ▶

२०१३-अगस्त १५चेन्नई

२०१४- चेन्नई